मिति: २०८१/१२/१० (आईतवार)

स्थान: बेसीशहर नगरपालिका वडा नं.१०, कल्मेडाँडा

बैठक संख्या: ५७ औं

समय : विहानः८ बजे

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५७ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | चेतनाथ अर्याल | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | **सहजकर्ता कर्मचारी** | | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| | | | | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/१० गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/१२/१० गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।

२. चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा

३. दोश्रो चौमासिक समीक्षा गोष्ठीमा उठेका सवालहरुको सम्बन्धमा ।

४. सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको सम्बन्धमा ।

५. पर्यटन तथा संस्कृतितर्फको कार्यक्रम सम्बन्धमा ।

६. युवा सीप विकास कार्यक्रमको सम्बन्धमा ।

७. विज्ञ पारिश्रमिक सम्बन्धमा ।

- मानसिक स्वास्थ्य शिविर
- स्वास्थ्य शिविर
- पशुस्वास्थ्य शिविर
- विद्यालय शिक्षाको गुणस्तर सुधार गोष्ठी

८. आयोजना/कार्यक्रम संशोधन सम्बन्धमा ।

९. प्राकृतिक श्रोत उपयोग करको सम्बन्धमा ।

१०. विविध

- नेपाल टेलिभिजनसंगको सहकार्य सम्बन्धमा ।
- जस्तापाता/ग्याविन जाली/सिंचाइ पाइप खरिद सम्बन्धमा ।
- सहकारी अनुगमनको लागि समिति गठन सम्बन्धमा ।
- सहकारी दिवस र सहकारी प्रशिक्षणको सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/११/२७ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२: चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(३) वमोजिम आर्थिक प्रशासन शाखाबाट प्राप्त भएको बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को दोश्रो चौमासिक अवधीमा भएको

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/१० गतेको बैठक

देहाय वमोजिमको चालु, पूँजीगत तथा समग्र खर्चको प्रगति विवरण यस बैठकमा पेश हुनुको साथै चौमासिक खर्च प्रगतिलाई अनुमोदन गर्ने निर्णय गरियो । (विस्तृत विवरण अनुसूचीमा संलग्न)

देहायः

१. कुल आय बजेट रु. : ७५ करोड ९५ लाख ५३ हजार

२. हालसमम्मको यथार्थ आय बजेट रु. : ४३ करोड ५० लाख ५६ हजार २८० (५७.२७%)

३. कुल खर्च रु. : ३० करोड ३३ लाख ५९ हजार २०० (४०.५९%)

३.१ चालु खर्च रु. : २२ करोड २७ लाख ५७ हजार ६९६(४२.८१%)

३.२ पूँजीगत खर्च रु. : ८ करोड ६ लाख १ हजार ५०४(३५.५१%)

निर्णय नं.३: दोश्रो चौमासिक समीक्षा गोष्ठीमा उठेका सवालहरुको सम्बन्धमा ।

मिति २०८१/१२/७ मा सम्पन्न गरिएको दोश्रो चौमासिक प्रगति समिक्षा गोष्ठीमा उठेका विभिन्न विषय तथा प्राप्त भएका सुझावहरु (अनुसूची संलग्न) सम्बन्धमा छलफल तथा समीक्षा गरियो । साथै आगामी दिनमा उठेका विषयहरुलाई सम्बोधन गर्दै सुधार गरेर लैजाने तथा रचनात्मक सुझावहरुलाई क्रमशःकार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.४: सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको सम्बन्धमा ।

मिति २०८१/१२/९ का दिन बेसीशहर नगरपालिका वडा नं २ भकुण्डेमा आयोजना गरिएको सार्वजनिक सुनुवाईमा सेवाग्राहीहरुबाट लिईएको वहिर्गमन अभिमत, विभिन्न स्थलमा पुगी भिडिओ मार्फत नगरवासीहरुबाट लिइएको विचार र सुनुवाईको दिन नागरिकहरुले प्रत्यक्षरुपमा उठाएका सवाल, प्रश्न, जिज्ञासा तथा सुझावहरु तथा नगरप्रमखबाट दिईएको जवाफको बारेमा यस बैठकमा प्रारम्भिक रुपमा छलफल र समीक्षा गरियो ।साथै उक्त कार्यक्रमको प्रतिवेदन प्राप्त भएपछि पुनः छलफल गरी सकारात्मक सुझावहरुलाई कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं.५: पर्यटन तथा संस्कृति तर्फको कार्यक्रम सम्बन्धमा ।

चालु आ.व.को पर्यटन तथा संस्कृतितर्फका आयोजना/तथा कार्यक्रमहरुको सम्बन्धमा छलफल हुँदा बेसीशहर प्रज्ञा प्रतिष्ठान ऐन २०७९ वमोजिम प्रतिष्ठानको गठन सम्बन्धी गोष्ठी र राजु परियार लोकसांस्कृतिक कार्यक्रम/लुकेको प्रतिभा पहिचान समेत कार्यक्रम कार्यान्वयनको ढाँचा तयार गरी सम्पन्न गर्नका लागि देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

श्री मदन बहादुर राना- संयोजक, वडाध्यक्ष तथा संयोजक सामाजिक विकास समिति

श्री हिरालाल विश्वकर्मा- सदस्य, कार्यपालिका सदस्य तथा प्रवक्ता

श्री मेघेन्द्र पोखरेल- सदस्य सचिव, कार्यक्रम अधिकृत तथा सामाजिक विकास शाखा प्रमुख

निर्णय नं.६: युवा सीप विकास कार्यक्रमको सम्बन्धमा ।

चालु आर्थिक वर्ष २०८१/८२ को युवा सीपमूलक तालिम सञ्चालन कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्न बाँकी रहेका तालिमहरुको सम्बन्धमा देहाय अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/१० गतेको बैठक

देहायः

(क) हलुका सवारी चालक तालिमको लागि कुल ५० जना छनौट गर्ने यस अघिको निर्णयलाई संशोधन गरी कुल ६० कोटा कायम गर्ने । ६० जना मध्ये १० जनाको लागि दलित गरिबी न्यूनीकरण सम्बन्धी कार्यक्रम शिर्षकबाट खर्च व्यहोर्ने । तालिमको लागि यस अघिको निर्णय यथावत राखी दुवै ड्राइभिङ इष्टिच्युटलाई ५/५ जना थप गरी पठाउने ।

(ख) ३० दिने कुकिङ तालिमको लागि पोखरा महानगरपालिका-९, कास्की स्थित हिमालयन कलेज अफ हस्पिटालिटि म्यानेजमेण्टका प्रोपराइटर श्री ज्ञान बहादुर रानालाई प्रशिक्षकको रुपमा छनौट गर्ने साथै प्रशिक्षक पारिश्रमिक र सम्पूर्ण कच्चा पदार्थ प्रशिक्षकले नै व्यवस्थापन गर्ने गरी रु. २ लाख ५० हजार नगरपालिकाले भुक्तानी दिने ।हलभाडा लगायतको अन्य खर्च प्रस्तावना वमोजिम गर्ने ।

(ग)४५ दिने पर्स व्याग तालिमको लागि गोदाबरी नगरपालिका-११ ललितपुर निवासी लक्ष्मीदेवी वलीलाई प्रशिक्षकको रुपमा छनौट गर्ने साथै प्रशिक्षक पारिश्रमिक र सम्पूर्ण कच्चा पदार्थ प्रशिक्षकले नै व्यवस्थापन गर्ने गरी रु. २ लाख ५० हजार नगरपालिकाले भुक्तानी दिने ।हलभाडा लगायतको अन्य खर्च प्रस्तावना वमोजिम गर्ने ।

(घ) सीप विकास तालिमको लागि निवेदन दिने ३ जना महिलाहरुलाई बेसिक ब्युटिसियन तालिमको लागि बेनपा-८ स्थित प्रोग्रेस मिरर ब्युटी केयर एण्ड ट्रेनिङ सेन्टर (प्रोपराइटर श्री संकल्प श्रेष्ठ) मा पठाउने र सेवा प्रदायकलाई प्रति सहभागी रु. १५ हजारका दरले पारिश्रमिक उपलब्ध गराउने ।

निर्णय नं.७: कार्यक्रम सञ्चालन र विज्ञ पारिश्रमिक सम्बन्धमा ।

स्वास्थ्य तथा शिक्षातर्फ देहाय वमोजिमका कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा देहाय वमोजिमको विज्ञ तथा अन्य पारिश्रमिक कायम गर्ने निर्णय गरियो ।

(क) १दिने मानसिक रोग सम्बन्धी स्वास्थ्य शिविर सञ्चालनको लागि मानसिक रोग विशेषज्ञलाई रु. ३५ हजार र अन्य कर्मचारीहरुलाई जनही रु.२ हजार का दरले पारिश्रमिक उपलब्ध गराउने ।साथै शिविरका दिन मानसिक रोगका विरामीहरुलाई औषधी वितरणको कार्य जोशी मेडिकल हलले उपलब्ध गराउने र औषधी वातपको भुक्तानी सो मेडिकल हललाई दिने ।

(ख) प्रजनन् स्वास्थ्य, दाँत र नाक/कान/घाँटी सम्बन्धी स्किनिङ शिविर सञ्चालनमा खटिने प्रदेश अस्पतालका चिकित्सक लगायतका प्राविधिकहरुलाई प्रतिव्यक्ति रु. ५ हजारका दरले र अन्य कर्मचारीहरुलाई जनही रु.२ हजारका दरले पारिश्रमिक उपलब्ध गराउने ।

(ग) विभिन्न प्रकृतिका पशु स्वास्थ्य शिबिर सञ्चालनका लागि विज्ञ आवश्यक पर्ने देखिएकोले विज्ञ हरुलाई प्रति सिबिर संचालन वापत निम्न अनुसारको पारिश्रमिक प्रदान गर्ने ।

| क्र.सं | योग्यता | पारिश्रमिक रु. |
|---|---|---|
| १. | पशु बिज्ञान बिषयमा स्नातकोत्तर/ शाखा अधिकृत | १५,०००/- |
| २. | उप-प्राध्यापक / उपसचिव | १८,०००/- |
| ३. | सह-प्राध्यापक / सहसचिव | २२,०००/- |
| ४. | प्राध्यापक | २५०००/- |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/१० गतेको बैठक

(घ) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि सम्बन्धी प्रशिक्षणमा सहजीकरण गरेवापत शिक्षाविद् श्री विद्यानाथ कोइरालाई रु. १२ हजार पारिश्रमिक शिक्षातर्फको पाठ्यक्रम कार्यान्वयन र आइ.सि.टी सम्बन्धमा शिक्षकहरुको क्षमता विकास शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं.८: आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन/एकिकरण सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय/नगरस्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.रामचोकबेसी प्रहरी विट निर्माण, बेनपा-११ | ३ लाख | १.१धन बहादुर सिलवाल घर मुनि वाल निर्माण, बेनपा-११<br>१.२डाँडागाउँ गोरटो बाटो मर्मत, बेनपा-११ | २५ हजार<br>२५ हजार |
| २.१.कुर्पिन मोटरबाटो स्तरोन्नति, बेनपा-६ (वडास्तरीय)<br>२.२ कुर्पिन गाउँ बाटो निर्माण, बेनपा-६ (नगरस्तरीय) | २ लाख<br>१ लाख | २.कुर्पिन गाउँ गोरेटो बाटो निर्माण, बेनपा-६ | ३ लाख |
| ३.क्षयरोग मुक्त कार्यक्रम अन्तर्गत माइक्रोस्कोप खरिद कार्य (नगरस्तरीय) | २.५ लाख | ३.१ इ.एच.एम.आइ.यस.कार्यक्रम व्यवस्थापन (कम्प्युटर तथा ल्यापटप खरिद समेत) | २.५ लाख |
| ४.उत्पादनमा आधारित अनुदान कार्यक्रम (नगरस्तरीय) | ४ लाख | ४. अकबरे खुर्सानी खेतीको उत्पादन प्रदर्शनी कार्यक्रम मिति (२०८१/१०/२८ को निर्णय नं १४ संशोधन गरिएको) | ५८ हजार |

**निर्णय नं.९: प्राकृतिक श्रोत संकलन र विक्रीको अनुमति सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र पर्ने तपसिलमा उल्लेखित स्थानहरुमा भएको ढुंगा तथा वालुवा उक्त स्थानमा निर्माण भएका योजनामा प्रयोग गर्ने गरी यस कार्यालयमा देहायका विभिन्न ब्यक्ति र संस्थाबाट विभिन्न मितिमा निवेदन पर्न आएकोले प्राविधिक इष्टिमेट अनुसार हुन आउने परिमाण अनुसारको लाग्ने रकम यस कार्यालयमा जम्मा गरेपश्चात अनुमति प्रदान गर्ने निर्णय गरियो ।

देहायः

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/१० गतेको बैठक**

| क्र.सं | व्यक्ति/संस्थाको विवरण | ठेगाना | संकलन क्षेत्र | घन फिट | प्रति घन फिट दर | हुन आउने रकम | मूल्य अभिबृद्दी कर १३% | अग्रीम आय कर (१.५%) | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भूपती वाग्ले | बेसीशहर ७ | बेसीशहर ३, गाउँशहर | ५७०४ \|७८ | ९ \|०० | ५१३४२ \|९८ | ६६७४ \|५९ | ७७० \|१४ | ५८७८८ |
| २ | इन्द्रश्री निर्माण सेवा, काठमाण्डौं | काठमाण्डौं | बेसीशहर २, न्याउली खोला | १४११ \|२० | ९ \|०० | १२७०० \|८० | १६५१ \|१० | १९० \|५१ | १४५४२ |
| ३ | ननसुब्वा गुरुङ( विकाश पौडेल) | बेसीशहर १ | बेसीशहर १, रतनपुर | ७०५ \|६० | ९ \|०० | ६३५० \|४० | ८२५ \|५५ | ९५ \|२६ | ७२७१ |
| ४ | लक्ष्मीदेवी बसौला | बेसीशहर ३, गाउँशहर | बेसीशहर ३, बसौलागाउँ | ३८५२ \|५८ | ९ \|०० | ३४६७३ \|१८ | ४५०७ \|५१ | ५२० \|१० | ३९७०१ |

**निर्णय नं.१०: नेपाल टेलिभिजनसंगको सहकार्य सम्बन्धमा ।**

सार्वजनिक प्रसारण सेवा नेपाल/नेपाल टेलिभिजनसंगको सहकार्यमा २०८१ चैत ३१ गते राती बेसीशहर नगरपालिका-८ फुलबारी मञ्चमा राष्ट्रिय तथा स्थानीय कलाकारहरुद्वारा प्रस्तुत हुने मनोरञ्जनात्मक एवम् सांस्कृतिक कार्यक्रम शुभारम्भ साँझ २०८२ कार्यक्रमको लागि लमजुङ भ्रमण वर्ष सम्बन्धी कार्यक्रम सञ्चालन र पर्यटन प्रवर्द्धन सम्बन्धी फुटकर कार्यक्रम शिर्षकबाट गरी रु. ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११: जस्तापाता/ग्याविन जाली/सिंचाइ पाइप खरिद सम्बन्धमा ।**

चालु आ.व. को भवन, आवास तथा वस्ती विकास अन्तर्गत विपन्न नागरिक आवास सहयोग कार्यक्रम शिर्षकको बजेटबाट आवश्यक जस्तापाता, भू तथा जलाधार संरक्षण कार्यक्रम शिर्षकबाट आवश्यक तारजाली र सिंचाइ पाइप खरिद शिर्षकबाट भुक्तानी हुने गरी आवश्यक सिंचाई पाइप खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२: सहकारी अनुगमनको लागि समिति गठन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्नको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

संयोजकः श्री पद्मा गुरुङ- नगर उपप्रमुख

सदस्यः श्री दिपेश अधिकारी- प्रशासन शाखा प्रमुख

सदस्यः श्री सुशिला श्रेष्ठ- राजश्व शाखा प्रमुख

सदस्यः श्री हरि बहादुर लोहनी-सहायक लेखा अधिकृत

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिका कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/१० गतेको बैठक

सदस्य सचिवः श्री रेशम घिमिरे- कम्प्युटर अपरेटर

**निर्णय नं.१३: सहकारी दिवस र सहकारी प्रशिक्षणको सम्बन्धमा ।**

सरोकारवाला निकायहरुसंगको सहकार्य र सहकारी संस्थाका प्रतिनिधिहरु समेतको सहभागितामा ६८औं राष्ट्रिय सहकारी दिवस-२०८१ (चैत २०) विविध कार्यक्रमहरु आयोजना गरी मनाउने साथै जिल्ला सहकारी समन्वय समितिसंगको समन्वय र सहकार्यमा सहकारी संस्थाका व्यवस्थापक र अध्यक्ष लगायत पदाधिकारीहरुलाई २ दिने अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्ने र यी दुवै कार्यक्रमको लागि स्वीकृत प्रस्तावना वमोजिम सहकारी अनुगमन, नियमन तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रम शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख